अनुसुची-१६

दफा ३३ को उप-दफा २ सँग सम्वन्धित

वन पैदावार लिलाम विक्रिको विस्तृत सुचना

**श्री डम्मरभार सामुदायिक वन उपभोक्ता समूह सुनवल न.पा.-११**

काठ/दाउरा बोलपत्रद्धारा लिलाम विक्रिको सुचना

(प्रथम पटक सूचना प्रकाशन मितिः-२०८१/८/१०)

यस सामुदायिक वन उपभोक्ता समूहबाट व्यवस्थापन गर्दै आएको सामुदायिक वन क्षेत्रवाट श्री नेपाल विद्युत प्राधिकरण कालिगण्डकी कोरिडोर २२० के.भी.प्रशारण लाईन आयोजनाको ROW भित्र पर्ने रुख/पोलहरु आ.व. २०८०/०८१ तथा पुनरुत्पादन कटान र ढलापडा तर्फ २०८०/०८१ मा संकलन गरी घाटगद्दीमा विभिन्न लटमा विभाजित निम्न परिमाणको काठ दाउरा जे जस्तो अवस्थामा छ सोही अवस्थामा आफ्नै खर्चमा उठाई लैजाने गरी लिलाम विक्रि गर्नु पर्ने भएकोले यो सूचना प्रकाशित गरिएको छ ।काठ दाउरामा आधारित उद्योग संचालन गर्ने भनी प्रचलित कानून वमोजिम दर्ता तथा नवीकरण भई वन नियमावली २०७९ को नियम १२८ बमोजिम सुचीकृत भएका गोलिया काठ चिरान गर्ने सःमिल र काठलाई कच्चा पदार्थको रुपमा प्रयोग गर्ने भेनियर तथा प्लाईउड उद्योगले यो सूचना वुटवल टुडे राष्ट्रिय दैनिक पत्रिकामा पहिलो पटक प्रकाशित भएको मितिले २१ दिन भित्र प्रत्येक लटको छुट्टा छुट्टै बोलपत्र खरिद गरी २२ औ दिन कार्यालय समय भित्र डिभिजन वन कार्यालय, नवलपरासी(ब.सु.प.) तथा सामुदायिक वन उपभोक्ता समूहको कार्यालयमा शिलवन्दी बोलपत्र दाखिला गर्न आव्हन गरिन्छ ।

तपशिलः-

**१.लिलाम बिक्रि हुने वन पैदावारको विवरणः**

| वन पैदावारको विवरण | | | | | | | मूल्याङ्कन (रु) | | | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|
| क्र.स. | लट नं. | जात | किसिम | ग्रे. | थान | परिमाण(घ.फि.) | दर प्रति घ.फि. (रु) | न्यूनतम मुल्य (रु) | संङ्कलन खर्च(रु) | |
| | १ | अस्ना | गोलिया | A | ६ | १८४.८ | ४००.०० | ७३,९२०.०० | १७७६६४।५८ | धाङ्ग नं.६,७र ९(कालिगण्कि कोरिडोर २२० के.भि प्रसारण लाईन) |
| | | | | B | २ | १९.६४ | ३००.०० | ५,८९२.०० | | |
| | | | | C | १० | ४५.३९ | १००.०० | ४,५३९.०० | | |
| २ | | बरौं | गोलिया | | ३० | ३४९.७५ | २००.०० | ६९,९५०.०० | | |
| ३ | | कुम्भि | | | ९ | ५२.२ | १००.०० | ५,२२०.०० | | |
| ४ | | सरिप | | A | १ | १३.१२ | ३००.०० | ३,९३६.०० | | |
| | | | | B | १० | ५१.२९ | २००.०० | १०,२५८.०० | | |
| ५ | | सिमल | गोलिया | | २६ | २८९.०८ | १५०.०० | ४३,३६२.०० | | |
| जम्मा | | | | | ९४ | १००५.२७ | | २१७,०७७.०० | | |
| १ | २ | खयर | गोलिया | | २२९ | १८७.३३ | १००० | १८७,३३०.०० | ३३१०५।०५ | धाङ्ग नं.८(२२० केभि प्रसारण लाईन |
| १ | ३ | अस्ना | | A | ३८ | ८७०.४६ | ४००.०० | ३४८,१८४.०० | २०७९८२।३६ | धाङ्ग नं. ५(पूनरुत्पादन) |
| | | | | B | १५ | १५४.७२ | ३००.०० | ४६,४१६.०० | | |

अध्यक्ष
टंकनाथ पराजुली

| | वन पैदावारको विवरण | | | | | | मूल्याङ्कन (रु) | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | लट नं. | जात | किसिम | ग्रे. | थान | परिमाण(घ.फि.) | दर प्रति घ.फि. (रु) | न्यूनतम मुल्य (रु) | संङ्कलन खर्च(रु) | कैफियत |
| | | | | C | ३७ | १५१.७२ | १००.०० | १५,१७२.०० | | |
| | जम्मा | | | | ९० | ११७६.९ | | ४०८७७२ | | |
| १ | ४ | अस्ना | गोलिया | A | १२ | २१४.७५ | ४००.०० | ८५,९००.०० | ११३६०७६३ | धाङ्ग नं ६(पुनरुत्पाद) र धाङ्ग नं.६,७ र ८ (ढलापडा) |
| | | | | B | १३ | ११०.०६ | ३००.०० | ३३,०१८.०० | | |
| | | | | C | ५६ | २१४.०३ | १००.०० | २१,४०३.०० | | |
| २ | | सिसौं | गोलिया | A | ७ | ४४.३३ | ७००.०० | ३१,०३१.०० | | |
| | | | | B | ९७ | २२७.८५ | ५००.०० | ११३,९२५.०० | | |
| ३ | | भलायो | गोलिया | | १ | ५.४२ | १०० | ५४२.०० | | |
| | जम्मा | | | | १८६ | ८१६.४४ | | २८५,८१९.०० | | |

२. बोलपत्र खरिद र दाखिला गर्नुपर्ने अन्तिम मिति, समय र स्थान :

क) वोलपत्र खरिद गर्ने अन्तिम मितिः २०८१/०८/३० गते, समय कार्यालय समय भित्र सम्म ।

ख) वोलपत्र दाखिला गर्ने अन्तिम मितिः २०८१/०९/०१ गते, समय कार्यालय समय भित्र सम्म ।

ग) वोलपत्र खरिद तथा दाखिला गर्ने दिन बिदा परे सो को भोलीपल्ट खरिद र दाखिला गर्न सकिनेछ ।

३. वोलपत्र साथ धरौटी वापत कवोल अङ्कको १०% ले हुन आउने रकम यस सामुदायिक वन उपभोक्ता समूहको साईन रेसुङ्गा डेभलपमेन्ट भुमही शाखा स्थित खाता नं. ००६०.०१०००९२५८८००००१ मा नगद जम्मा गरेको सक्कलै भौचर वा यस समूहको नाममा खिचिएको बैंक ड्राफ्ट वा छ महिना अवधिको बैंक जमानत पत्र समावेश हुनुपर्नेछ । नगद धरौटी र ड्राफ्टलाई मान्यता दिइने छैन ।

४. वोलपत्रको प्रत्येक लटका लागि रु.१,०००।- (पछि फिर्ता नहुने गरी) तिरी यस सामुदायिक वन उपभोक्ता समूहको कार्यालय तथा डिभिजन वन कार्यालय, नवलपरासी(ब.सु.प.)वाट समेत खरिद तथा दाखिला गर्न सकिनेछ ।

५. वोलपत्र खरिद गर्दा लट अनुसार वेग्ला बेग्लै खरीद गरी दाखिला गर्दा पनि बेग्ला बेग्लै दाखिला गरी खाम बाहिर प्रष्ट लट नं. उल्लेख गरेको हुनु पर्नेछ ।

६. लिलाम बढावढ हुने वन पैदावार कार्यालय समय खुलेको समय भित्र यस सामुदायिक वन उपभोक्ता समूहको घाटगद्दी स्थानमा गई हेर्न सकिनेछ ।

७. लिलाम प्रक्रियामा भाग लिन इच्छुक सःमिल/भेनियर/प्लाईउड उद्योगका प्रोपाइटरहरुले नेपाली नागरिकताको प्रमाणपत्र, फर्म दर्ता प्रमाणपत्र, मु.अ.कर दर्ता वा स्थायी लेखा नम्बर प्रमाणपत्र, उद्योग सुचिकरण प्रमाणपत्र, कर चुक्ता प्रमाणपत्रहरुको प्रतिलिपी अनिवार्य वोलपत्रसाथ पेश गर्नु पर्नेछ । नागरिकता बाहेकका कागजातहरु नियमानुसार नवीकरण भएको हुनु पर्नेछ

८. निर्धारित गरिएको न्यूनतम संख्या र रितपूर्वक पर्न आएका बोलपत्रहरु मिति २०८१/०९/०२ गते दिनको १:०० बजे साक्षीहरुको रोहवरमा खोलिनेछ । सो दिन बिदा परे सो को भोलिपल्ट खोलिनेछ ।

९. लिलाम स्वीकृत भएको जानकारी प्राप्त भएको १० (दश) दिन भित्र सकार गरेको रकम तथा निर्धारित मूल्य अभिवृद्धि कर सङ्कलन खर्च समेत छुट्टै वुझाई लिलाममा चढाएको वन पैदावार तोकिएको अवधि भित्र उठाई लैजानु पर्नेछ ।

१०. बोलपत्रमा सकार गरिएको रकम अङ्क र अक्षर दुवैमा लेख्नु पर्नेछ। अङ्क र अक्षर फरक परेमा अक्षरमा लेखिएकोलाई मान्यता दिईनेछ ।

११. बोलपत्र सदर वा बदर गर्ने सम्पूर्ण अधिकार यस सामुदायिक वन उपभोक्ता समूहको कार्य समितिमा निहित रहनेछ ।

अध्यक्ष
नाथ पराजुली